स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३
चलानी नं.

## नदीजन्य पदार्थको उत्खनन, संकलन तथा भण्डारण सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०१/२४)**

प्रस्तुत विषयमा यस कालीगण्डकी गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न घाटहरूबाट उत्खनन गरिने **नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि)** को व्यवस्थापनका सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालय, स्याङ्जाको च.नं. २०१, मिति २०८३/०१/२१ को पत्रबाट प्राप्त निर्देशन बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

यस गाउँपालिका अन्तर्गतका स्वीकृत घाटहरूमा प्रचलित कानून र निर्धारित मापदण्डको पूर्ण पालना गरी मात्र उत्खनन तथा संकलन कार्य गर्न सूचित गरिन्छ। मापदण्ड विपरीत अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन गर्ने, नदी वा खोला किनारका सार्वजनिक स्थल तथा अन्यत्र अनाधिकृत रूपमा थुपार्ने वा सञ्चय गर्ने कार्य पूर्णतः निषेध गरिएको छ। यदि कोही कसैले प्रचलित नियम विपरीत यस्ता कार्य गरेको पाइएमा उक्त सामग्रीहरू प्रचलित कानून बमोजिम जफत गरी कडा कानूनी कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

साथै, कानूनी प्रक्रिया पुरा गरी उत्खनन गरिएका नदीजन्य पदार्थहरूलाई पनि तोकिएको मापदण्ड अनुसार सुरक्षित र व्यवस्थित स्थानमा मात्र भण्डारण गर्न सम्बन्धित सबै व्यवसायी तथा सरोकारवालाहरूमा अनुरोध छ।

२०८३/०१/२४

प्रमुख प्रशासकीय अधिकृत